Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# चमार जातिको इतिहास

**डा. सीता हमाल**

उपप्राध्यापक, पद्मकन्या बहुमूखी क्याम्पस, काठमाडौं

इमेलः hamalsita77@gmail.com

Doi : https://doi.org/10.3126/hisan.v10i1.74936

## सार

*चमारलाई नेपाली शब्दसागरमा छालाको मालसामान बनाउने एक जाति, सार्की, मिझार, मिजार (कदर गर्दा) भनिएको छ । चमार जाति भारतको विहार र उत्तरप्रदेश लगायत बङ्गालबाट ईशाको पहिलो शताब्दीतिर नेपालमा प्रवेश गरेर तराई र मधेसका बस्तीहरूमा बसोबास गरेका हुन् । यस जातिलाई नेपालको पहाडी क्षेत्रमा सार्की, हरिजन भनिन्छ भने तराईका विविध क्षेत्रमा यिनीहरूलाई चमार, राम, हरिजन र रविदास भनेर सम्बोधन गरिन्छ । चमार जातिको चर्चा आर्य सनातन हिन्दु धर्म, वर्णव्यवस्था, धर्मग्रन्थ, रामायण र महाभारत, पुराण र उपनिषद र वंशावलीहरूमा पनि पाइएको छ । नेपाली सभ्यता तथा संस्कृतिभित्र अनेकौं जातीय समूहहरूको सिर्जना र संरचना हुँदै दलित समुदाय र अछुत जातिको रूपमा हेरिएको छ । चमार समुदायलाई कसैले भारतमा भएको मुस्लिम आक्रमणपश्चात् ज्यान बचाउन जसरी अन्य जातिका मानिसहरू नेपालको सरहदभित्र पसे, त्यसैगरी यिनीहरू पनि नेपालको तराई प्रदेशमा चमार नामले र पहाडमा सार्कीका नामले हजारौं वर्षपहिले नेपाल प्रवेश गरेको वर्णन पाइन्छ । असली तराई मूलका चमार जातिका मानिसहरूको बसोवास पूर्वी तराईदेखि पश्चिम तराईका जिल्लाहरूका विविध गाउँठाउँमा रहेको पाइन्छ । यी चमार जातिका मानिसहरूको उत्पत्तिलाई हेर्दा भारतस्थित उराँव र मुण्डा समूहहरूसँगै नागपुर क्षेत्रबाट नेपाल पसेको वर्णन पनि पाइएको छ । इतिहास हेर्दा मुस्लिम धर्मको घोर विरोध गर्ने जति पनि हिन्दुहरू थिए, उनीहरूलाई इस्लामिक कालमा निम्न श्रेणीमा गणना गर्ने उर्दी फिँजाइयो । जसले इस्लाम धर्म वरण गर्दथ्यो उसलाई उच्च स्थान र जसले हिन्दुधर्म वरण गर्दथ्यो उसलाई निम्न जातमा परिणत गरियो र मृत्युदण्ड दिन असम्भव भएर उनीहरूलाई विद्रोही मानेर सजायस्वरूप क्षेत्रीय कुलका चंवर जातिका मानिसहरूलाई दण्ड स्वरूप पशुको छालाको काममा संलग्न गराइयो । ती चर्मकारहरू नै चमार भएका हुन । नेपालमा रहेका चमार जातिको इतिहास खोतल्दा उनीहरूको जातिय वर्ण व्यवस्थाको उत्पत्ति भएदेखि नै नेपालको तराई भुभागमा बस्दै आएको पाइन्छ भने केही भारतबाट विभिन्न कालखण्डलाई कोही जमिन्दार, राजा रजौटाहरूसंगसंगै लागेर र त कोही आफै जीवन निर्वाहको विकल्प खोज्दै बसाई सरेर नेपालको तराईभागमा आएको पाइएको छ । प्रस्तुत अध्ययनको उद्देश्य चमार जातिको इतिहास उजागर गर्नु रहेको छ ।*

***शब्दकुञ्जी :*** चर्मकार, गोत्र, शूद्र, कर्मकाण्ड र ग्राममूली ।

## परिचय

चमार जाति मधेशीमूलका दलित समुदायअन्तर्गत पर्दछन् । चमार शब्द चर्म र चर्मकार शब्दका कारणले बनेको हो । नेपाली बृहत् शब्दकोशमा चर्मकारको अर्थ छालाको काम गर्ने मानिस, चमार, सार्की, मोची लेखिएको छ (प्रयोगात्मक नेपाली शब्दकोष, २०६१) । चर्मकारलाई छालाको कामबाट जीविका गर्ने जाति,

चमार, सार्की, चर्मजीवी भनिएको छ । त्यसै गरी चर्मकारीलाई चर्मकार स्त्री, चमारनी, सर्किनी, चर्मकारको पेशावा नोकरी भनी अर्थ्याइएको छ (शर्मा, २०६२) । चर्मको अर्थ प्राणीको बाहिरी भागमा खोल झैं रहेर रगत र मासुको रक्षा गर्ने इन्द्रिय, छाला, चर्म, चमडा, बोक्रा, अजिन, चाम, ढाल भनिएको छ (नेपाली बृहत शब्दकोष, २०४०) । त्यसैगरी चमार भन्नाले छालाका जुत्ता आदि बनाउने जन्मजात पेशाभएको एक जाति, सार्की र सम्मान गर्दा मिझार भनिएको छ (पराजुली, २०७७) । चमारलाई नेपाली शब्दसागरमा भने छालाको मालसामान बनाउने जातको एक जाति, सार्की, मिझार, मिजार (कदर गर्दा) भनिएको छ । चमारनीलाई सार्की जातकी वा सार्कीकी स्त्री, मिजारनी भनिएको छ (शर्मा, २०६२) । संस्कृतको चर्मकार शब्दबाट चमार बनेको हो । नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वि.सं.२०७४ वैशाख १७ गते स्थानीय तहहरूलाई दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा पठाएको पत्रमा दलित महिला सदस्य र दलित सदस्यको उम्मेदवार हुन दलित भएको प्रमाणित गर्न पठाएको सूचीमा मधेसमूलभित्र चमार (राम, मोची, हरिजन, रविदास, महरा) भनी उल्लेख गरिएको छ (नेपाल सरकार, २०७४ वैशाख १७) । उक्त पत्रमा चमार जातिका थरहरू राम, मोची, हरिजन, रविदास, रैदास र महरा उल्लेख गरिएको छ । महरा थरलाई चमार जातिको गैरदलितसँग मिल्ने थरको रूपमा लिइएको छ । यहाँ यिनै चमार जातिको इतिहासको बारेमा अध्ययन गरिएको छ । नेपालमा बसोबास गर्ने चमार जातिका परिवारले  राम, रावत, धुसिया, मोची, महरा, रविदास, सतनाम आदि थर राखेको पाइन्छ । चमारहरूको ऐतिहासिकता खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## अनुसन्धान विधि

यस अध्ययनमा प्रकाशित स्रोतका रुपमा पुस्तक, लेख र समाचारहरूलाई प्रयोग गरिएको छ भने प्राथमिक स्रोतका लागि अवलोकन, अन्तर्वार्ता, घटना अध्ययन, विज्ञप्ती, चिठ्ठीपत्रको आधारमा अनुसन्धान गरिएको छ । सबै सूचनाहरू गुणात्मक रहेका छन् । अनुसन्धानका आधारमा पाइएका स्रोतहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट तयार गरिएको छ ।

## चमार जातिको उत्पत्ति

चमार जातिको उत्पत्तिका बारेमा खोजविन गर्दा भारतमा चमार जातिको उत्पत्ति कसरी भयो ? उनीहरूको गोत्रहरूको निर्माण कसरी भयो ? राजनीतिक  घटना क्रमले दासादासी बनाउने प्रचलनका साथसाथै भारतमा मुश्लिम राजाहरूले कुन वंश जातिलाई छालाको काम गर्न लगाएकोले चर्मकार भए भन्ने विषयमा पहिले चर्चा गर्नुपर्ने हुन्छ । नेपालका चमार जातिमा अनेक गोत्रहरू पाइन्छ । केही गोत्र यस्तो पाइएको छ जुन ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र जातिमा पनि पाइन्छ (शास्त्री, सन् २०१६) । चमार जातिमा पिप्पल, नीम, कदंब, कर्दम, केम, केन, बड, सूर्यवंशी, चन्द्रवंशी, नाग गोत्र पनि पाइन्छन् । यी सबै गोत्र प्राचीन क्षेत्रीय वंशीय गोत्र हुन् । यी गोत्रका मानिसलाई मध्ययुगमा विदेशी शासकले बलपूर्वक चर्मकर्म गर्न लगाएर चमार बनाएका थिए ( शास्त्री, सन् २०१६) । हिन्दु चमार कुललाई काश्यप गोत्र पनि भन्ने गरिन्छ (शास्त्री, सन् २०१६) । मुस्लिम आक्रमणकारीहरूले हिन्दुस्तानमा आक्रमण गर्दा चवंर वंशले विरोध गऱ्यो र उनीहरूले मुस्लिम अधीनतालाई स्वीकार नगरेका कारण दण्डस्वरूप चमार जातिमा परिणत गरिएको थिए । वर्तमान चमार जाति पूर्वकालीन क्षत्रिय राजकुल तथा चवंर वंशका जाति थिए (शास्त्री,  सन् २०१६) । जुन चमार अगुवाहरूसँग कुराकानी गर्दा र अभियानकर्ताहरूले प्रकाशन गरेका पुस्तकहरूमा पनि पाइन्छ ।

वर्ण व्यवस्थाअनुसार शूद्र वर्णमा परेका दलितअर्न्तगत चमार जातिको चमार जातिको परिचय उल्लेख गर्नुभन्दा पहिले हिन्दू समाजमा वर्ण व्यवस्थाको सुरुवात कसरी भयो, शूद्र वर्ण अर्न्तगत दलितहरू कसरी परे र त्यसपछि क्रमशः जातीय विभेद कसरी उत्पन्न भयो भन्नेबारे बुझ्न जरुरी हुन्छ । ऋग्वैदिक काल ईशा पूर्व १५०० देखि १२०० सम्ममा वर्ण व्यवस्था तत्कालीन भारतीय समाजलाइ व्यवस्थित बनाउने उद्देश्यले ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्र गरी ४ भागमा विभाजन गरिएको अवस्था थियो । यस विभाजनमा शूद्र वर्णका मानिसलाई सेवक वा श्रमिकका रूपमा कायम गरियो । त्यतिबेला वर्ण वा वंशजका आधारमा निर्धारण हुँदैनथ्यो । गुण र श्रमको आधारमा वर्ण निर्धारण गरिन्थ्यो । वर्णहरूबीच वर्गीयताको आभास पाइए तापनि छुवाछूत सम्बन्धी भावनाको कल्पनासमेत गरिएको थिएन (दत्त, सन् १९६८) । ईशापूर्व छैठौं शताब्दी सम्म आइपुग्दा वर्णहरूकै बीच विभेदको विकास भएकाले केही जटिलताहरू थपिदै गएको थियो । हुनत वर्णको उत्पत्ति कालदेखि नै शूद्र वर्णलाइ पैतालाबाट उत्पत्ति भएको मानिसको रूपमा हेरिदैं आएतापनि व्यवहारमा भेदभाव गरिएको थिएन, तर पछि शूद्र वर्णका मानिसहरूलाई अनेक विभेदकारी व्यवहार गर्न थालियो (क्षेत्री र खतिवडा, २०५४) । त्यस्ता सामाजिक विभेदको व्यवहार छुवाछुतको स्थितिसम्म आइपुग्यो । आफ्नो रक्त शुद्धता र संस्कृति जोगाई राख्न आर्यहरूले शूद्र र दासहरूका निम्ति विभिन्न परहेज, निषेधको व्यवस्था गरेका थिए, जसलाई वहिष्करणको नीति (Policy of social exclusiveness) भनिएको थियो (क्षेत्री र खतिवडा, २०५४) । त्यही समयदेखि शूद्र वर्णका मानिसहरूको अवस्था सामाजिक रूपले केही अमर्यादित र छुवाछुत सम्बन्धी व्यवहार विकसित हुँदैगएको देखिन्छ । ब्राह्मण भन्दा अन्य जातिले ब्राह्मण वृत्ति गर्न नपाउने, जुन वर्णमा जन्म भयो, त्यही पेशा अपनाउनु पर्ने बाध्यता आयो । हुनत त्यसले गर्दा एकातिर उनीहरू आफ्नो पेशामा पोख्त भए तर अर्कोतर्फ स्वतन्त्ररूपले अन्य पेशा अपनाउन नपाउने अवस्था सिर्जना भयो ।

हिन्दु समाजमा विस्तारै माथिल्ला र तल्लो वर्णको बीच वैवाहिक माध्यमबाट जन्मिएका सन्तानलाई पनि छुट्टै जात कायम गरी अछुतको व्यवहार गर्न थालिएको थियो । अस्पृश्यताको भावना हिन्दू समाजमा विकसित हुनुका विभिन्न कारणहरूमध्ये दुष्कर्म गर्ने मानिसहरू र हीन मानिएका पेशाअपनाउने मानिसहरूलाई पनि अछुतमा गणना गर्न थालियो । यसरी व्यवसायको आधारमा अछुत बन्ने प्रचलन हिन्दू समाजमा क्रमशः विकसित हुँदै गयो (दत्त, सन् १९६८) फोहोरी मानिएको पेशा अँगाल्ने, दण्डनीय कार्य गर्ने सबैलाई शूद्रमा झार्ने र अछुत मान्ने परम्परा विकसित भइसकेको देखिन्छ । वर्णव्यवस्था अनुसार शब्द्र वर्णमापरेका दलित अन्तर्गत चमार जातिको परिचय उल्लेख गर्नुभन्दा पहिले हिन्दु समाजमा वर्ण व्यवस्थाको सुरुवात कसरी भयो, शब्द्र वर्णमा कसरी परे, त्यसपछि जातीय विभेद कसरी उत्पन्न भयो भन्ने बारे बुझ्न जरुरी हुन्छ । विश्वव्यापीरूपमा दलितको सवाल सामाजिक विभेदबाट शुरु भएकोले विभेदको क्रममा काला र गोराबीचको रङ्गभेद, युरोपमा भएको धर्म सुधार आनदोलनले उत्पन्न गरेको परिवेश, र उन्नाइसौं शताब्दीमा भएको फ्रान्सेली क्रान्तिले दिएको स्वतन्त्रता, समानता र भातृत्वको नारा जव सम्पूर्ण विश्वमा फैलियो (अग्रवाल, सन् १९९०) ।  त्यसबाट भारतपनि अछुतो रहन सकेन, त्यहाँ पनि जातीय छुवाछुत र भेदभावलाई विभिन्न सुधारकहरूले विभिन्न समयमा दलित तथा अन्य पिछडीएका वर्गहरूलाई एकवद्ध, शिक्षित र चेतनशिल गराउँदै जातीय छुवाछुत विरुद्ध आन्दोलन गरे । यसै क्रममा फुले अझ कडा रूपमा प्रस्तुत भए । भारतका आदिवासी शूद्रहरू हुन् आर्यहरू बाहिरबाट आएका हुन् (फूले, सन् १८७३) । उनकै पाइला पच्छ्याउँदै जातीय छुवाछूत विरुद्ध आन्दोलन र सुधार गर्दै सन् १९२६ मा सम्पूर्ण अछुत जातिहरूलाई साझा नामको रूपमा दलित शब्दले सम्बोधन गरियो र त्यसपछि दक्षिण एसियाको अन्य देशहरूमा पनि विस्तारै दलित शब्दको

प्रयोग गर्न थालियो । साथै नेपालमा पनि वि.सं.२०२४ देखि दलित शब्दको प्रयोग गरियो (आहुति, २०७१) । त्यस्ता दलितहरूलाई नेपालमा पहाडे दलित, नेवार दलित र तराई दलित गरी तीन भागमा विभाजन गरी अध्ययन गर्ने गरिएको छ ।

वास्तवमा दलित शब्द संस्कृतको दल धातुबाट बनेको हो, जस्को अर्थ फुटाइएको, दलिएको, दमन गरिएको, थिचिएको, दमनद्वारा शान्त पारिएको भन्ने हुन्छ (सिंह, १९९३) । दलित भनेको कुनै निश्चित समुदायमा जन्मिएको परम्परागत समूह जसको विकास प्राचीन भारतमा भएको थियो । नेपाली वृहत शब्दकोशमा दलित शब्दको अर्थ दमन गरिएको, प्रतिष्ठा गुमाएको जनसमुदाय भन्ने बुझिन्छ (वृहत्त नेपाली शब्दकोष, २०७७) । वर्तमान समयमा नेपालमा यो दलित शब्द निश्चित समूहलाइ बुझाउने शब्दको प्रयोग गरिदै आएको छ । नेपालमा जयस्थिति मल्लको शासनकालमा शूद्र वर्णका मानिसहरूमा सामाजिक रूपले विभेद गर्न थालिएको र राणा प्रधानमन्त्री जंगबहादुरको पालामा वि.सं.१९१० को मूलुकी ऐनमा कानुनीरूपमा छुवाछूतलाई अन्त्य गरिएतापनि व्यवहारमा भने पूर्ण पालना नभई जातीय विभेद कायमै रहन गयो । नेपालका तराई क्षेत्रमा त्यही समयदेखि नै छुवाछुतजन्य विभेद भएको देखिन्छ (प्रश्रित, २०५६) । कमजोर आर्थिक अवस्था, शिक्षा, स्वास्थ्य, जनचेतनको कमीले पछाडी रहनु र सीमान्तकृत अवस्थामा जीवन निर्वाह गर्नु यस समुदायको पहिचान बन्न पुगेको छ ।

नेपाली बृहत् शब्दकोशमा चर्मकारको अर्थ छालाको काम गर्ने मानिस, चमार, सार्की, मोची लेखिएको छ (पराजुली, २०७७) । चर्मकारलाई नेपाली शब्दसागरमा छालाको कामबाट जीविका गर्ने जाति, चमार, सार्की, चर्मजीवी भनिएको छ । त्यसै गरी चर्मकारीलाई चर्मकार स्त्री, चमारनी, सर्किनी, चर्मकारको पेशा वा नोकरी भनी अर्थ्याइएको छ (शर्मा, २०६२) । त्यसै गरी चमार भन्नाले छालाका जुत्ता आदि बनाउने जन्मजात पेसा भएको एक जाति, सार्की र सम्मान गर्दा मिझार भनिएको छ (पराजुली, २०७७) । चमारलाई नेपाली शब्दसागरमा भने छालाको मालसामान बनाउने जातको एक जाति, सार्की, मिझार, मिजार (कदर गर्दा) भनिएको छ । चमारनीलाई सार्की जातकी वा सार्कीकी स्त्री, मिजारनी भनिएको छ (शर्मा, २०६२) । संस्कृतको चर्माकर शब्दबाट चमार बनेको हो । नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वि.सं.२०७४ वैशाख १७ गते स्थानीय तहहरूलाई दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा पठाएको पत्रमा दलित महिला सदस्य र दलित सदस्यको उम्मेदवार हुन दलित भएको प्रमाणित गर्न पठाएको सूचीमा मधेसमूलभित्र चमार (राम, मोची, हरिजन, रविदास) भनी उल्लेख गरिएको छ । उक्त पत्रमा चमार जातिका थरहरू भनेर राम, मोची, हरिजन, रविदास, रैदास र महरा भनेर उल्लेख गरिएको छ । महरा थरलाई चमार जातिको गैरदलितसंग मिल्ने थरको रूपमा लिइएको छ (नेपाल सरकार, २०७४ वैशाख १७) ।

विश्व विजय अभियानमा लागेका सिकन्दर लोदीले संत रैदाससहितका लाखौं हिन्दुहरूलाई इस्लाम धर्म स्विकार्न आह्वान गरे । उनीहरूले नमानेकाले चवंर जातिका मानिसहरूलाई छालाको कार्य गर्न लगाइयो ( शास्त्री, सन् २०१६) । यसरी हिन्दुस्तानमा इस्लामिक कालमा आएर हिन्दु चमार जातिको प्रादुर्भाव भएको थियो । चर्मकर्म गर्ने मानिसहरूको घरमा मरेको जनावरको प्रचण्ड दुर्गन्ध हुने कारणले यस जातिलाई गाउँ वा सहरको बाहिर बस्ने व्यवस्था गरियो । मुस्लिम धर्मको घोर विरोध गर्ने जति पनि हिन्दुहरू थिए, उनीहरूलाई इस्लामिक कालमा निम्न श्रेणीमा गणना गर्ने उर्दी फिँजाइयो । जसले इस्लाम धर्म वरण गर्दथ्यो उसलाई उच्च स्थान र जसले हिन्दु धर्म वरण गर्दथ्यो उसलाई निम्न जातमा परिणत गरियो र मृत्युदण्ड दिन असम्भव भएर उनीहरूलाई विद्रोही मानेर सजाय स्वरूप क्षेत्रीय कुलका चवंर जातिका मानिसहरूलाई दण्डस्वरूप

पशुको छालाको काममा संलग्न गराइयो । तसर्थ चमार बनेको विभिन्न तर्कहरूमध्ये एउटा तर्क मुस्लिम शासकहरूले विजय गरेको भू-भागका मानिसले इस्लाम धर्म लिन नमान्दा दास बनाउने वा तल्लो स्तरको काम गर्न लगाउने चलन चलेको थियो । त्यसका आधारमा केहीलाई छालाको काम गर्न लगाएको र उनीहरू नै पछि गएर चर्मकार हुँदै चमार बनेका हुन् भन्न सकिन्छ ।

सिनो फाल्ने अस्वच्छ र अपवित्र कार्यमा लगाएर जातीय नाम 'चमार' दिइयो । चमारहरूलाई कुनै नगद र खाद्यान्न मजदुरीमा दिँइदैनथ्यो । त्यसले उनीहरूले आफ्नो उपभोग गर्ने वस्तु खरिद गर्नसक्दैनथे । खानका लागि मरेको पशुको मासु नै पाउँथे । गाईको मासुसमेत खानुपर्दथ्यो (शास्त्री, सन् २०१६) । यस्तो गर्न नसक्नेलाई जबरजस्ती मद्यपान गराएर गोचर्मको काममा लगाएर चर्मकर्मी बनाइएको थियो ।

भारतमा चंवर वंशले ४३४ वर्ष राज्य गरेको इतिहास भेटिन्छ । अम्बारिकाका राजा अम्बारिष्टदेवकी छोरी चंवरसेनकी रानी थिइन् । एक लेखकका अनुसार अंग्रेजहरूले चंवर शब्दलाई 'चमर' लेखेका कारण सबैले "चमर" भनेर सम्बोधन गर्न थाले । अंग्रेजहरूले सन् १८७२ मा जनगणना लिँदा यस जातिलाई 'चमर' भनेर उल्लेख गरे तर पढ्नेले 'चमार' भनेर पढेको कुरा गरेका छन् तथापि यो सबै भ्रमपूर्ण थियो । वास्तवमा चंवर वंश प्राचीन कालमैं थियो (शास्त्री, सन् २०१६) । त्यसैले चमारहरू पनि प्राचीनकालदेखि नै रहेका थिए भन्न सकिन्छ ।

## नेपालमा चमार जातिको इतिहास

बी.आर.अम्बेडकरको विचारमा आरम्भिक (वैदिक) हिन्दु–आर्य समाजमा छुट्टै शूद्र वर्ण थिएन (शाह, २०६९) । प्राचीन तथा मध्यकालीन समयमा अन्य जातिले छुन नहुने यस जातिलाई भारतको उत्तर प्रदेशमा राइदास, विहारतिर मोची, रविदास भनिन्छ । यसैगरी चण्डीगढतिर चमार, रामदासी, हिमाञ्चल प्रदेशमा आर्य र मोची, पञ्जावमा रामदासी र राइगर, हरियाणातिर जातव र जातिया, मध्यप्रदेशमा सतनामी आदि नामले यस चमार जातिलाई चिनाइएको छ (साह, सन् २००८) । परापूर्वकालदेखि छोइछिटो हाल्नुपर्ने दलित जातीय समूहमा गणना गरिएको तराईका विविध दलित जातिहरूमध्येकै एउटा जाति हो-चमार/सार्की जाति । चमारलाई मधेसी मूलभित्र राखिएको छ भने सार्कीलाई पहाडी समुदायभित्र राखिएको छ । त्यसैले छालाको काम गर्ने पहाडी क्षेत्रमा बसोबास गर्नेलाई सार्की र तराईमा बसोबास गर्नेलाई चमार भन्ने गरियो ।

केन्द्रीय तथ्याङ्क विभागले वि.सं.२०७८ मा संकलन गरेको तथ्याङ्कमा नेपालमा १४२ जातिहरू र १२४ भाषाभाषीहरू रहेको उल्लेख गरेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) । १४२ जातिहरूमध्ये १७ औं नम्बरमा चमार, राम र हरिजन भनेर जम्मा जनसंख्या ३,९३२५५ मा पुरुषको सङ्ख्या १,९६,७९९ र महिलाको सङ्ख्या १,९६,४६४ देखाइएको पाइन्छ (केन्दीय तथ्याङ्क विभाग, २०७८) । यो सङ्ख्या नेपालको समग्र जनसंख्याको १.३५ प्रतिशत हुन्छ । प्राचीनकालदेखि आफ्नै परम्परागत पेशाअँगाल्दै आजसम्म पनि कहीँकतै सोही पेसामा संलग्न रहेर यस देशका उपत्यका, पहाड र तराई क्षेत्रमा छरिएर जनावरको छाला उत्पादन गरी छालाका जुत्ता, चप्पल, पेटीलगायतका विभिन्न छालासम्बन्धी कार्यको व्यवसाय अँगाल्दै जीविकोपार्जन गर्दैआएका यी चमार जातिको जीवनशैली सामाजिक गतिविधि एवं क्रियाकलापहरूको जानकारी गराउन सक्ने यस शोधपत्रको अध्ययनले निश्चय नै पिछडिएका जातिहरूको हाराहारी र एक किसिमको जातीय राष्ट्रियताको सवालमा पृथक् स्थान राख्न सक्दछ ।

नेपालका विविध गाउँ-टोलमा विशेष गरी चमार नामले चिनिने तराईका भू-भागहरूमा बसोबास गर्दैआएका चमारहरूको परिवारजनहरूको अवस्थिति पाइन्छ । जातीय अध्ययनको प्रारम्भिक क्रममा पहाडमा सार्की, टमटा, मिझार भनेर चिनिन्छ । तराईमा चमारका उपसमूहहरूमा छपरिया, नाइक, मोची, महरा, सफारी, कनौजिया, मघिया, गोहित र गोरिया पर्दछन् (चौधरी, सन् २०११) । केही चमार समुदायले राउत, भगत, रविदास, दास, धुसिवा, दशवतियासमेत लेखाउने गरेको अनुसन्धान क्षेत्रको भ्रमण गर्दा जानकारी पाइएको छ । नेपालमा भारततर्फबाट अन्य जातिहरू बसाइ सरेर आएको जस्तै चमारजातिका मानिसहरूको पनि आगमन भएको मानिन्छ । परम्परागत रूपमा चमारको काम मरेका जनावरहरूलाई व्यवस्थापन गर्नु नै थियो । अहिले जनावरको छालाबाट विभिन्न घरेलु सामान उत्पादन गर्ने, मजदुरी र कृषि गर्ने, सहरी क्षेत्रमा गएर छालाको ब्याग, जुत्ता बनाउने काम गर्दछन् (चौधरी, सन् २०११) ।

पहाडदेखि तराईसम्म छालासम्बन्धी काम गर्ने जातिको प्रचलित नाम सार्की/चमार जाति हो । उपयुक्त सबै नाम गरेका समूहसमेतलाई एकै स्थानमा समेटिएको थियो भने कालान्तरमा आएर थर (पद) विभाजनदेखि लिएर हरेक सामाजिक कर्मकाण्ड, शारीरिक बनोट, जातीय पेशार भौगोलिक विषमताका आधारमा अलग्गै पहिचान गरेर अध्ययन गर्न थालिएको पाइन्छ । सरकारी तथा गैह्रसरकारी क्षेत्रका प्रतिवेदनहरूले सगोल र पृथक्-पृथक् रूपमा अध्ययन, अनुसन्धान गरिदिएका कारण पनि चमार जातिका बारेमा अध्ययन गर्नका लागि थप जटिलता उत्पन्न भएको देखिन्छ । नेपालको तराईका २० वटा जिल्ला र पहाडी जिल्लाहरूमा छरिएर रहेका यी छालाको काम गर्ने चमार/सार्की जातिका मानिसहरूलाई कसैले भोटबाट र कसैले भारतबाट आएको वर्णन गरे पनि कहीँ कतै यो चमारबाट अन्य समुदायमा पनि रूपान्तरण भएको आभास मिल्दछ ।

कसैले भारतमा भएको मुस्लिम आक्रमणपश्चात् ज्यान बचाउन जसरी अन्य जातिका मानिसहरू नेपालको सरहदभित्र पसे, त्यसैगरी यिनीहरू पनि नेपालको तराई प्रदेशमा चमार नामले र पहाडमा सार्कीका नामले हजारौँ वर्षपहिले नेपाल प्रवेश गरेको वर्णन पाइन्छ (आहुती, २०७१) । असली तराई मूलका चमार जातिका मानिसहरूको बसोवास पूर्वी तराईदेखि पश्चिम तराईका जिल्लाहरूका विविध गाउँठाउँमा रहेको पाइन्छ । यी चमार जातिका मानिसहरूको उत्पत्तिलाई हेर्दा भारतस्थित उराँव र मुण्डा समूहहरूसँगै नागपुर क्षेत्रबाट नेपाल पसेको वर्णन पनि पाइएको छ (हट्टन, १९६३) । नेपाल प्रवेश गरेपछि सीमानामा बसोबास गरी त्यही क्षेत्रमा रहेका जमिन्दारवर्गले छालाको काम, सुँडेनीको काम तथा सिनो फाल्न लगाएको बुझिन्छ ।

कर्कपैट्रिकले विविध जातिहरूका पेशाव्यवसाय केलाउने क्रममा दलित जाति वा माथिल्लो जातिले छुन नहुने जातिको रूपमा छालाको काम गर्ने जाति भनेर चमार जातिको पनि वर्णन गरेका छन् । लेखकले यस जातिलाई सिनो उठाउने र पशुको विभिन्न सामग्रीहरू निर्माण गर्ने, पीछडिएको अछुत जाति पहाडका सार्की जातिसँगै चमारहरूको परिचय दिएका छन् (कर्कपेट्रिक, सन् १९७५) ।

शैक्षिक स्थितिबाट पिछडिएको, राजनीतिक पहुँचबाट पृथक् रहेको, परापूर्वकालदेखि जातीय संरचनाको दृष्टिकोणले तल परेको, उपेक्षित र अपहेलित जातिको विशेषताभित्र यस चमार जातिलाई लिइएको पाइन्छ । छालाको प्रयोगबाट निर्मित जुत्ता, चप्पल, झोला आदि बनाउने चमार जातिको पेशापनि वर्तमान समयमा आएर लोप हुँदै गइरहेको छ (आहुती, २०७१) । यिनीहरूले छालाको कामसँगसँगै परम्परादेखि सहनाई, ढोलक जस्ता बाजाहरू बजाउने, माथिल्लो जातिको घरमा हली, गोठालो बस्ने, कृषि मजदुरी गर्ने, घर निर्माण तथा सार्वजनिक निर्माणका कार्यहरू गर्दैआएका छन् । यस जातिको सामाजिक प्रचलनमा आमातिरका ५ पुस्ता

र बाबुतिरका ७ पुस्ताभित्र विहावारी नगर्ने, जन्म, पास्नी, विवाह, शुभकार्य, मृत्यु संस्कार जस्ता कार्यहरूमा भाग लिने जस्ता रीतिरिवाजहरूको प्रयोग गर्दैआएका छन् (राजदेव रामसँग मिति २०७९ भदौ ९ मा लिएको अन्तरवार्ता) । वर्षचक्रका चाडपर्वोत्सवहरू र जातीय संस्कारहरूलाई सामाजिक रूपमा मनाउँदैआएका छन् । अन्य जातिका झैं नातेदारी व्यवस्थाको प्रचलन पनि यस जातीभित्र रहिआएको छ ।

चमार जातिभित्र आफ्नो टोलको नाइके, मुख्य मान्छे, चमारहरूको ग्राम बुढो आदि राखिएको हुन्छ; जसले अन्य जातिसँग हेलमेल, सम्पर्क र सम्बन्ध सुधारका कार्यमा भाग लिने गर्दछ (लक्ष्मी रामसँग मिति २०७८, पुस २७ मा लिएको अन्तरवार्ता) । यिनीहरू आफैंले सामाजिक तथा संस्कारगत समस्याहरूको जातीय छिनोफानो गर्नका लागि ग्राममूली चुन्ने गर्दछन् । वर्तमान स्थितिमा भने पुरानो प्रचलनमा ह्रास आउँदैगएको देखिन्छ । यस जातिको बसोबास झुण्ड समूहमा अन्य जातिभन्दा पृथक् क्षेत्रमा रहेको पाइन्छ । यिनीहरू आर्थिक स्थितिबाट कमजोर भएका कारण उनीहरूको घर काठ, पराल, रबर, टिन आदिको प्रयोग गरेर निर्माण गरिएको हुन्छ । उनीहरू गच्छेअनुसार गहुँ, मकै, रोटी, दाल, भात, माछा, मासु, दही, दुधका परिकारहरू खाने गर्दछन् । परापूर्वकालदेखि तुच्छ तथा निम्न जातिका रूपमा गणना गरिएको यो जाति बेलाबेलामा अपहेलित र उपेक्षित हुँदैआएका कैयौं उदाहरणहरू पाइएका छन् ।

चमार जातिले अनेकौं सामाजिक तथा सांस्कृतिक बन्धनभित्र जकडिएर बडो मुस्किलका साथ जीविकोपार्जन गर्दैआएको स्थिति देखिएको छ । यस जातिका पुरुषहरूले सामान्य कमिज, कट्टु, धोती, गम्छा जस्ता कपडा पहिरिएर काम गर्दछन् भने जात्रा, हाटबजार तथा आफन्तकहाँ जाँदा एकजोर नयाँ कपडाको बन्दोवस्त मिलाउँछन् (लक्ष्मी रामसँग मिति २०७८ पुस २७ मा लिएको अन्तरवार्ता) । महिलाहरूको लवाइ पनि सामान्य खालको हुन्छ । उनीहरू सेतो सुतीको साडी, धोती, ब्लाउज लगाउँछन् । गरगहनाहरूमा चुरी, फुलिया, मोठा/सिलबरको चुरी, सुखी/पुराना सिक्काबाट निर्मित हार, बाँही, हँसुली, लोयर/मुन्द्री आदिको प्रयोग गर्दछन् (मिला रामसँग मिति २०७७ चैत २६ मा लिएको अन्तरवार्ता) । तराईका चमार जातीका मानिसहरूले नेपाली भाषा बुझ्दछन् तर आफ्नो समुदायमा मातृभाषाको रूपमा मैथिली, भोजपुरी, हिन्दी, नेपाली आदि भाषाको प्रयोग गर्दै आएका छन् (लालबाबु रामसँग मिति २०७७ चैत २५ लिएको अन्तरवार्ता) ।

चमार जातिभित्र उनीहरूका आफ्नै ब्राह्मण हुन्छन्, जसले कण्ठी लगाएका हुन्छन् । जसलाई वैष्णव पनि भनिन्छ । उनीहरू शाकाहारी हुन्छन् र पूजापाठ गर्दछन् । उनीहरूले प्रयोग गर्ने थरहरू सतनामी, रैदास, रोहित, रोहीदास, रविदास, रुइदास, रामनामी, ऋषि र हरिजन हो (चौधरी, सन् २०११) । सतनामी चमारहरू धार्मिक प्रवृत्तिका हुन्छन् र आफ्नै जातिले छोएको पानी पनि स्वीकार गर्दैनन् । उनीहरूलाई कण्ठीधारी पनि भनिन्छ । तुर्क मूलका मुस्लिम आक्रमणकारीहरूले हिन्दुस्तानमा आक्रमण गर्दा चंवर वंशले विरोध गऱ्यो र उनीहरूले मुस्लिम अधीनतालाई स्वीकार नगरेका कारण दण्डस्वरूप चमार जातिमा परिणत गरिएको थियो । वर्तमान चमार जाति पूर्वकालीन क्षेत्रीय राजकुल तथा चवंर वंशका जाति थिए (शास्त्री, सन् २०१६) ।

विश्वविजय अभियानमा लागेका सिकन्दर लोदीले संत रैदाससहितका लाखौं हिन्दूहरूलाई इस्लाम धर्म स्वीकार्न आह्वान गरे । उनीहरूले नमानेकोले बाध्य भएर चंवर जातिका मानिसहरूलाई छालाको कार्य गर्न लगाइयो । चर्मकर्म गर्ने मानिसहरूको घरमा मरेको जनावरको प्रचण्ड दुर्गन्ध हुने कारणले गाउँ वा सहरको बाहिर बस्ने व्यवस्था गरियो (शास्त्री, सन् १९९९) । यसरी हिन्दूस्तानमा इस्लामिक कालमा आएर हिन्दु चमार जातिको

प्रादुर्भाव भएको थियो । मुस्लिम धर्मको घोर विरोध गर्ने जति पनि हिन्दुहरू थिए, उनीहरूलाई इस्लामिक कालमा निम्न श्रेणीमा गणना गर्ने उर्दी फिँजाइयो । जसले इस्लाम धर्म वरण गर्दथ्यो उसलाई उच्च स्थान र जसले हिन्दु धर्म वरण गर्दथ्यो उसलाई निम्न जातमा परिणत गरियो र मृत्युदण्ड दिन असम्भव भएर उनीहरूलाई विद्रोही मानेर सजायस्वरूप क्षेत्रीय कुलका चंवर जातिका मानिसहरूलाई दण्ड स्वरूप पशुको छालाको काममा संलग्न गराइयो (शास्त्री, सन् १९९९) ।

सिनो फाल्ने अस्वच्छ र अपवित्र कार्यमा लगाएर जातीय नाम 'चमार' दिइयो । चमारहरूलाई कुनै नगद र अन्नखाद्यान्न मजदुरीमा दिइँदैनथ्यो । त्यसले उनीहरूले आफ्नो उपभोग गर्ने बस्तु खरिद गर्नसक्दैनथे । खानको लागि मरेको पशुको मासु नै पाउँदथे । गाईको मासुसमेत खानु पर्दथ्यो (शास्त्री, सन् २०१६) । यस्तो गर्न नसक्नेलाई जबरजस्ती मद्यपान गराएर गोचर्मको काममा लगाएर चर्मकर्मी बनाइएको थियो ।

बी.आर.अम्बेडकरले भारतका वर्तमान दलित जाति प्राचीन तथा वैदिककालीन शूद्र थिएनन् भनेका छन् । प्राचीन तथा मध्यकालीन समयमा अन्य जातिले छुननहुने यी जातिलाई भारतको उत्तर प्रदेशमा राइदास, विहारतिर चर्माकर, मोची, रविदास भनिन्छ । यसै गरी चण्डीगढतिर चमार, रामदासी, हिमाञ्चल प्रदेशमा आर्य र मोची, पञ्जावमा रामदासी र राइगर, हरियाणातिर जातव र जातिया, मध्यप्रदेशमा सतनामी आदि नामले यस चमार जातिलाई चिनाइएको छ (साह, सन् २००८) । चमार तराई क्षेत्रमा बसोबास गर्दैआएको दलित जाति हो । चमारहरू आफ्नो जातिको नाम संस्कृत शब्द चर्मकारको अर्थ छालाको काम गर्ने वा त्यस्तो पेसा भएको व्यक्ति वा जाति हुन्छ । हिन्दु धर्मग्रन्थ मनुस्मृतिमा चर्मकारलाई "निषादबाट वैहेस्त्रीमा जन्मेको सन्तान" भनी उल्लेख गरेको पाइन्छ । चमारहरू आफ्नो जातीय पुर्खा सुफल भगत, रविदास आदि भएको बताउँछन् । तराई दलित समुदायमा सबैभन्दा धेरै जनसंख्या भएका जातिहरू हरिजन, चमार र राम देखिएका छन् । नेपालमा चमारहरूको जम्मा जनसंख्या ३ लाख ९३ हजार २५५ रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८) । उक्त जनसंख्या नेपालको कुल जनसंख्याको १ दशमलव ३५ प्रतिशत रहेको छ । यसरी नेपालमा रहेका चमार जातिको इतिहास खोतल्दा उनीहरूको जातिय वर्ण व्यवस्थाको उत्पत्ति भएदेखि नै नेपालको तराई भुभागमा बस्दै आएको पाइन्छ भने केही भारतबाट विभिन्न कालखण्डलाई कोही जमिन्दार, राजा रजौटाहरूसंगसंगै लागेर र त कोही आफै जीवन निर्वाहको विकल्प खोज्दै बसाई सरेर नेपालको तराईभागमा आएको पाइएको छ ।

## निष्कर्ष

चमार जाीत मधेसीमूलका दलित समुदायभित्र पर्दछ । चमारलाई नेपाली शब्दसागरमा भने छालाको मालसामान बनाउने जातको एक जाति, सार्की, मिभार, मिजार (कदर गर्दा) भनिएको छ । इतिहास खोज्दै जाँदा चमारहरू धार्मिक, राजनैतिक र सामाजिक कारणले कमजोर, युद्धमा हारेका, समाजले गलत ठानेको काम गरेबापत उनीहरूलाई सजाय स्वरूप समाजले निकृस्ठ ठानेको काम छालाको काम गर्न लगाएर दण्ड दिइएको देखिन्छ । हिन्दु धर्म संस्कारमा समाज संचालनको लागि बनाइएका विभिन्न वर्ण र जात विभाजनमा शुद्र वर्णमा चमार जाति परेको देखिन्छ । हिन्दु धर्मग्रन्थ मनुस्मृतिमा चर्मकारलाई "निषादबाट वैहेस्त्रीमा जन्मेको सन्तान" भनी उल्लेख गरेको पाइन्छ । चमारहरू आफ्नो जातीय पुर्खा सुफल भगत, रविदास आदि भएको बताउँछन् । नेपालको तराई भूभाग एकीकरण हुनु भन्दा अघिदेखि नै मैथिली, भोजपुरी र अवधि भाषीहरू बसोबास गर्ने क्षेत्रमा छालाको काम गरेर बसेको देखिन्छ । अर्थात नेपालमा रहेका चमार जातिको

इतिहास खोतल्दा उनीहरूको जातिय वर्ण व्यवस्थाको उत्पत्ति भएदेखि नै नेपालको तराई भू-भागमा बस्दै आएको पाइन्छ भने केही भारतबाट विभिन्न कालखण्डलाई कोही जमिन्दार, राजा रजौटाहरूसंगसंगै लागेर र त कोही आफै जीवन निर्वाहको विकल्प खोज्दै बसाई सरेर नेपालको तराईभागमा आएको पाइएको छ।

## सन्दर्भ सामग्रीसूची


अग्रवाल, एस. आर. (सन् १९९०). *आधुनिक युरोपका इतिहास.* एस.चन्द्र एण्ड कम्पनी।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (सम्पा.) २०६१). *प्रयोगात्मक नेपाली शब्दकोष.* विद्यार्थी प्रकाशन प्रा. लि.।

आहुती, (२०७१). *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष.* (दोस्रो संस्करण). समता फाउन्डेसन।

केन्द्रीय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना, (वि.सं.२०७८) https://www.nepalviews. com/2023/06/04/ 166329/

कर्कपैट्रिक, डब्लु (सन् १९७५). *एन एकाउण्ट अफ द किङडम अफ नेपाल.* एसियन पब्लिकेशन सर्भिस।

क्षेत्री, गणेशप्रसाद र खतिवडा, सोमप्रसाद (२०५४). *हिन्दू समाज र धर्म.* शिवा प्रकाशन।

चौधरी, दीपक (सन् २०११). *तराई मधेश अफ नेपाल. एन एन्थ्रोपोलोजिकल स्टडी.* रत्न पुस्तक भण्डार।

झा, हरिवंश (सन् २०००). *नेपाल तराईका दलितहरू. नेपालमा दलित उत्थानका रणनीति* (सम्पा). हरिवंश झा, सेनटर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज् फेर्डिक इवर्ट, स्टिफटु।

दत्त, एन. (सन् १९६८). *ओरिजिन एन्ड ग्रोथ अफ काष्ट इन इन्डिया.* फर्मा के. एल. मुखोपाध्याय।

नेपाल प्रज्ञाप्रतिष्ठान (२०४०), *नेपाली वृहत् शब्दकोश.* नेपाल प्रज्ञाप्रतिष्ठान।

नेपाल सरकार (२०७४ वैशाख १७), *सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहहरूलाई पठाएको पत्र* .सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय।

पराजुली, कृष्णप्रसाद (सम्पा.) (२०७७), *बृहत् नेपाली शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान।

प्रश्रित, मोदनाथ (२०५६), जातपात र छुवाछुत प्रथा : शास्त्रीय सन्दर्भ वर्तमान स्थिति र समाधानको प्रक्रिया. *२१ औं शताब्दीमा छापामा दलित.* पृ. ८७-९८।

फूले, जे.जी. (सन् १८७३). *गुलाम गिरी.* सकेट पब्लिकेशन।

शर्मा, के. (सन् २०६६). *सोसियल इस्टिच्युसन एन्ड प्रोसेसेज अफ द सोसियोलोजिकल एन्ड एन्थ्रोपोलोजिकल एनालाइसिस्.* ग्लोबल पश्लिकेशन्स प्रा.ली.।

शर्मा 'नेपाल', वसन्तकुमार (२०६२). *नेपाली शब्दसागर (सोपपत्तिक कोश).* भाभा पुस्तक भण्डार।

शास्त्री, बिजय सोनकर (सन् २०१६). *हिन्दू चर्माकर जाति (एक स्वर्णिम गौरवशाली राजवंशीय इतिहास.* प्रभात प्रकाशन।

शास्त्री रजनीकान्त (सन् १९९९). *हिन्दू जाति का उत्थान और पतन.* किताब महल।

शाह, घनश्याम (२०६९). *जात र छुवाछुत : सिद्धान्त र व्यवहार.* पृ १०९–१३२।

सा, एस. (सन् २००८). *एन इथ्नोग्राफी स्टडी अफ चमार कम्युनिटि. अ केश स्टडी अफ सिराहा डिस्ट्रिक.* बखुण्डोल सेक्रेटरिएट, एस.एन.भी.।

सिंह, नरेन्द्र (सन् १९९३). *दलितों कि रूपान्तरण कि प्रक्रिया.* प्रगति पुस्तक।

हट्टन, जे. एच. (सन् १९६३). *काष्ट इन इन्डिया.* अक्सफोर्ड युनिभर्सिटी प्रेस।